# लेखनाथ नगरपालिकाको २४ औं नगरपरिषदवाट आ.ब. २०७४/०७५ का लागि पारित बजेट, योजना, नीति, कार्यक्रम तथा आय-व्यय विवरण सार्वजनिकीकरणका लागि प्रमुख एवं कार्यकारी अधिकृत श्री नवराज ढुंगानाबाट प्रस्तुत वजेट बक्तव्य

**२४ औं नगरपरिषद वाट पारित वजेट, योजना, नीति तथा कार्यक्रम सार्वजनिक समारोहमा उपस्थित हुनु हुने नगरस्तरिय राजनितिक पार्टी प्रमुख तथा प्रतिनिधि ज्यूहरु,**

**बिभिन्न संघ संस्थाका प्रमुख तथा प्रतिनिधि ज्यूहरु,**

**सम्पूर्ण संचारकर्मी साथीहरु,**

**सहकर्मी कर्मचारी साथीहरु**

"सात तालको बगैंचा शहर" (The Garden City of Seven Lakes) लेखनाथ नगरपालिकाको २४ औं नगरपरिषदको निर्णय सार्वजनिक गर्न आयोजित यस समारोहमा सर्वप्रथम म राष्ट्र, जनता र लोकतन्त्र प्राप्तीका लागि प्राण आहुती दिनु हुने सम्पूर्ण ज्ञात अज्ञात वीर शहिदहरुप्रति भावपूर्ण श्रद्धान्जली अपर्ण गर्दछु । साथै जनआन्दोलन तथा विभिन्न आन्दोलनका क्रममा घाईते एवं वेपत्ता हुनुभएका योद्धाहरु प्रति उच्च सम्मान प्रकट गर्दछु ।

नेपाली साहित्य आकासका उज्वल नक्षत्र कबि शिरोमणि लेखनाथ पौडेलज्यूको नामबाट नामाकरण गरिएको यस लेखनाथ नगरपालिकाको २४ औं नगरपरिषद्का निर्णय सार्वजनिक समारोहमा कवि शिरोमणि लेखनाथ पौडेलज्यू प्रति भावपुर्ण श्रद्धा सुमन प्रकट गर्दछु ।

शहिदहरुको सपना र मार्गदर्शन अनुरुप विकासलाई सार्थक तुल्याउने यात्रामा हामी सबैलाई प्रेरणा मिल्ने अपेक्षा समेत यस घडीमा गर्न चाहान्छु । साथै यस २४ औं नगरपरिषदको निर्णयहरु सार्वजनिक समारोहमा उपस्थित हुनुहुने राजनितिक दलका प्रतिनिधि, संघसंस्थाका प्रतिनिधि तथा संचारकर्मी सवै मित्रहरुलाई स्वागत गर्न चाहान्छु ।

जनताको संबिधान जनताका प्रतिनिधिहरु मार्फत वनाउने करिव सात दशक अगाडी नेपाली जनताले देखेको सपना पुरा भएको छ । हामी उक्त संविधान कार्यान्वयन गर्ने महत्वपूर्ण चरणमा छौं । संविधानको कार्यान्वयन गरी राजनितिक दल र आम समुदायको निष्ठापूर्वक प्रतिवद्धता जरुरी छ । प्रदेश नम्बर चारको केन्द्रका रुपमा प्रस्ताव गरिएको पोखरा महानगरपालिका स्थानीय निकाय पुर्नसंरचना आयोगको प्रतिवेदन पश्चात मुलुककै महत्वपूर्ण केन्द्रका रुपमा स्थापित भएको छ । पोखरा उपमहानगरपालिका, लेखनाथ नगरपालिका र अन्य क्षेत्र मिसाएर पोखरा लेखनाथ महानगरपालिकाको निर्माण हुनुले समग्र पोखरा उपत्यकाको विकास र संभावनाको मार्ग प्रसस्त भएको छ । समग्र मुलुकको विकास र आर्थिक समृद्धिको नेतृत्व गर्ने सुअवसर समेत हामीले प्राप्त गरेका छौं ।

संघिय संरचना अनुरुप स्थानीय निकायहरु जनप्रतिनिधि विहिन भएको लामो समय पश्चात स्थानीय तहको निर्वाचनका लागि हामी जुटिरहेका छौं । यसले जनताका अधिकार अझ तल्लो तहसम्म स्थापित हुने मात्र नभएर सेवा सुविधाहरु बढी सरलीकृत र सहज हुनेछन् । यस पछाडिको नगरपरिषद संभवत लेखनाथ नगरपालिका र पोखरा उपमहानगरपालिका मिलाएर निर्माण गरिएको महानगरपालिकाको हुनेछ । तसर्थ आज यो ऐतिहासिक नगरपरिषदमा लेखनाथ नगरपालिकाको प्रमुख एवं कार्यकारी कार्यकारी अधिकृतको रुपमा बजेट, नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा असिम गर्वको अनुभूति गरेको छु ।

नागरिकले आफ्ना आवश्यकतालाई सम्वोधन गर्ने योजनाहरु आफ्नै सहभागितामा छनौट गर्न पाउने अधिकारको अवधारणा अनुरुप प्रत्येक वडावासीहरुको सहभागितामा योजना तर्जुमा गरिएको छ । विषयगत दक्षता र समन्वयका लागि

क्रमशः योजना तर्जुमा गोष्ठी, एकीकृत योजना तर्जुमा गोष्ठिमा तथा सबै सरोकारवालाहरु बीच बृहत अन्तरक्रिया एवं छलफल गरीनुका साथै नगरपालिकाको बैठकमा समेत व्यापक छलफल गरिएको छ । उल्लेखित तवरले गरिएका आगामी आर्थिक वर्ष ०७४/०७५ को वार्षिक नगरविकास योजनाको स्वीकृत नीति, कार्यक्रम तथा बजेट विवरण सहित यहाँहरुसामु उपस्थित भएको छु । यस सन्दर्भमा प्रस्तुत बजेट नीति तथा कार्यक्रमले विकासमा नागरिक सहभागिता र अपनत्व अभिवृद्धि गर्नुको साथै श्रोत र साधनको विनियोजनलाई समन्यायिक बनाउन महत्वपूर्ण भूमिका खेल्नेछ भन्ने विश्वास लिएको छु ।

प्रस्तुत बजेट, नीति तथा कार्यक्रम स्थानीय स्वायत्त शासन ऐन २०५५ तथा नियमावली २०५६, स्थानीय निकाय श्रोत परिचालन तथा ब्यबस्थापन कार्यबिधि २०६९ ले निर्दिष्ट गरेका योजना छनौट प्रक्रियाहरुलाई अवलम्वन गरी सहभागितामा आधारित एवं समावेशी अवधारणा अनुरुप तर्जुमा गरिएको छ । संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय र जि.वि.स कास्कीबाट प्राप्त बजेट सिलिङ्ग तथा मार्गदर्शन, तेह्रौ योजना, संयुक्त राष्ट्र संघले पारित गरेका दिगो बिकासका लक्ष्यहरु (STGS), भुकम्प पछिको पुननिर्माण, नेपाल पक्ष भएका महिला, वालवालिका, अपांगता भएका व्यक्ति र आदिवासी जनजातिसँग सम्बन्धित अन्तराष्ट्रिय सन्धि संझौतामा उल्लेख भएका राष्ट्रिय दायित्व पुरा गर्ने कार्यक्रम, विभिन्न तहवाट प्राप्त हुन आएका सुझावहरु, राष्ट्रिय नीतिहरु, गत तथा चालु आ.व का नीति तथा कार्यक्रम कार्यान्वयनको प्रभावकारीतावाट प्राप्त सिकाईहरुका आधारमा आगामी आ.व को लागि प्रस्तुत बजेट नीति तथा कार्यक्रम तयार गरिएको छ । यसरी यस बजेट नीति तथा कार्यक्रमको कार्यान्वयनवाट नगरपालिकाले लक्षित गरेका उद्देश्यहरु हासिल गर्न सघाउ पुग्ने विश्वास लिएको छु ।

यस सन्दर्भमा स्थानीय निकाय नागरिकको अनुभव गर्ने सरकार हो भन्ने मान्यतामा आधारित रही लोकतन्त्रका लाभहरुलाई सवै क्षेत्र, वर्ग, लिङ्ग र समुदायको घर आँगनसम्म पुर्‍याउन सकियोस् भन्ने तर्फ ध्यान पुर्‍याएका छौं । यद्यपी सिमित श्रोत र साधनहरुवाट हाम्रा असिमित आवश्यकता परिपूर्ति गर्न नसक्ने यथार्थता हाम्रो सामु रहेकोमा उपलब्ध श्रोत साधनको उच्चतम उपयोग गर्ने तर्फ विशेष ध्यान दिएका छौं । यसका लागि स्थानीय आवश्यकताहरुलाई प्राथमिकरण गरी श्रोत, साधनको विनियोजन गरेका छौं ।

सिमित श्रोत, साधनको परिचालनबाट नगर र नगरवासीका आवश्यकता आशा, अपेक्षाहरु सम्वोधन गरी नगर योजना तर्जुमा गर्नु चुनौतीपूर्ण छ तथापी श्रोत र साधनको समुचित विनियोजन र बाँडफाँड गर्दै, विकासका प्रयासलाई सहभागितामुलक, समावेशी, समतामुलक र समन्यायिक बनाउने प्रयास गरेको छु । यिनै मार्गदर्शमा आधारित भै यस नगरपालिकाको आगामी आर्थिक बर्ष ०७४/०७५ का लागि नीतिगत तथा व्यवस्था गरी बजेटमा निम्नानुसारका कार्यक्रमहरु समावेश गरेको छु ।

१. योजना तर्जुमामा वडावासीहरुको सहभागितालाई प्राथमिकता दिदै, उनिहरुको योजना आफै छान्नु भन्ने उद्देश्यले नगरको वडा विकासका लागि गत बर्ष विनियोजन गरेको रकममा थप विनियोजन गर्दै यस बर्ष प्रति वडा ७,००,०००।- का दरले १८ वडाको जम्मा १,२६,००,०००।- विनियोजनको व्यवस्था मिलाएको छु ।

२. नागरिकले तिरेको करबाट आफ्ना मुख्य प्राथमिकताका योजना आफै छनौट तथा संचालन गर्ने व्यवस्थाका लागि एकिकृत सम्पत्तिकरबाट प्रत्येक वडामा ५,००,०००।- का दरले १८ वडाका लागि ९० लाख रुपैया विनियोजन गरेको छु ।

३. नगरका सडकको स्तरोन्नती र मर्मत संभारलाई आगामी आर्थिक बर्षमा पनि निरन्तरता दिईनेछ । र यसका लागि रु. १,४९,८२,०००।- विनियोजनको व्यवस्था मिलाएको छु ।

४. नगरका सडकलाई कालोपत्रे गर्दै लैजाने नीतिलाई अवलम्बन गर्दै आगामी आ.ब मा शहरी पूर्वाधार योजनाका लागि रु. १,८१,०७,०००।- विनियोजन गरेको छु ।

५. नगरको समथर भू–भागमा खानेपानीको आपूर्ति तुलनात्मक रुपमा सुदृढ रहेको र पहाडी भू–भागको खानेपानी व्यवस्थापनको लागि चालु आ.ब मा ६५,००,०००।- रुपैया विनियोजन भएको सन्दर्भमा आगामी आ.ब साना तथा मझौला खानेपानी आयोजनाका लागि मर्मत संभारमा रु. ८,००,०००।- बिनियोजनको व्यवस्था मिलाएको छु ।

६. नगरक्षेत्र भित्र उर्वर भूमि बाँझो राख्ने क्रम तिव्र रहेको छ । जग्गा बाँझो राख्ने प्रवृत्तिलाई निरुत्साहीत गर्ने तथा विभिन्न कृषक समुह र कृषकलाई स्थानीय जातका अन्नवाली, तरकारी र पशुपक्षि/हाँस लगायतका संरक्षण, सम्वर्द्धन र प्रवर्द्धनको व्यवस्था मिलाईने छ । र यसका लागि एकमुष्ठ ४१,२८,०००।- रुपैया विनियोजन गर्ने व्यवस्था मिलाएको छु ।

७. नगरको मुख्य चुनौतीको रुपमा रहेको फोहर व्यवस्थापनका सर्न्दभमा पोखरा उपमहानगरपालिकासँग साँझेदारीमा काम गर्ने नीति अवलम्बन गर्दै, नगरको बातावरण तथा सरसफाई र हरियालीका कार्यक्रमका लागि आगामी आ.ब. मा १७,००,०००।- विनियोजन गरिएको छ ।

८. "सात तालको बगैंचा सहर"का रुपमा चिनिएको लेखनाथ नगरपालिकाको प्रमुख पर्यटकी आकर्षणको केन्द्रका रुपमा रहेका बेगनास तालमा आधुनिक पर्यटन गतिविधि समावेश गर्नका लागि संभाव्यता अध्ययनको कार्यलाई अगाडी बढाईने छ । अन्य स–साना पर्यटन सम्वन्धी गतिविधि संचालनका लागि आगामी आ.व मा रु. ७,००,०००।- विनियोजन गरिएको छ ।

९. नगर भित्रका सार्वजनिक जग्गा पछिल्लो समय मानविय अतिक्रमणको चपेटामा पर्दै गएका छन् । यस्ता जग्गा व्यक्तिले दर्ता गर्न प्रयास गर्ने, विभिन्न संघ संस्थाले हड्प्ने र आफुखुशी प्रयोग गर्दै गइरहेको अवस्थामा त्यस्ता जग्गाहरुको लगत तयार गरी संरक्षण गर्ने नीति लिईने छ । साथै आगामी आ.ब. मा नगरका वडा नं. १ र ८ लगायत अन्य क्षेत्रको जग्गा संरक्षणका लागि २०,००,०००।- रुपैया विनियोजन गरेको छु ।

१०. लेखनाथ नगरक्षेत्र भित्र हुने जग्गा विकास (जग्गा प्लटिङ) लाई नगरपालिकाले पारित गरेको जग्गा विकास कार्यविधि २०७२ लाई कडाईका साथ लागु गरिनेछ । जग्गा प्लटिङका विषयमा अनुगमन गरी व्यवस्थित गर्न कार्यकारी अधिकृतको संयोजकत्वमा प्रमुख राजनितिक दलका प्रतिनिधि सदस्य रहने गरी एक कार्यदलको गठन गरी व्यवस्थित गर्ने नीति लिईनेछ ।

११. नगरका समथर क्षेत्रमा बसाइ सराईको अधिक चापका कारण कृषि क्षेत्र तथा उर्वर भूमि खण्डीकरण तथा अवैज्ञानिक जग्गा प्लटिङले व्यवस्थित नगर निर्माणमा बाधा पुगेको छ । अनियन्त्रित जग्गा प्लटिङ तथा खण्डिकरणले व्यवस्थित नगर निर्माण हुन त सकेको छैन त्यसको साथ साथै कृषिभूमि कंक्रिटको शहरका रुपमा समेत परिणत हुँदै गएको छ । यसै तथ्यलाई मध्यनजर गर्दै, पहाडी क्षेत्रमा एकिकृत बस्ती निर्माणका लागि आवश्यक पूर्वाधारहरु तयार गर्दै लगिने नीति लिईनेछ । साथै नीजि क्षेत्रबाट नगरपालिकाको जग्गा विकास कार्यविधि २०७२ को अधिनमा रही त्यस्ता क्षेत्रमा गरिने एकिकृत बस्ती विकास र जग्गा विकासलाई प्रोत्साहन गरिनेछ । त्यसका लागि छुट्टै Land Use Plan तयार गरी लागु गरिने नीति लिईनेछ ।

१२. बालमैत्री स्थानीय शासन अबलम्बन गरेको यस नगरलाई बालमैत्री नगर घोषणाका लागि १५ प्रतिशत बजेट विनियोजन गरिएको छ र थप आवश्यक पूर्वाधारहरु तयार गरी यसै बर्ष बालमैत्री घोषणा गरिनेछ ।

यसका लागि चालु आ.ब. मा रु ५९,२०,०००।- विनियोजन गरिएको छ भने आगामी आ.ब. मा ८१,०८,१००।-

१३. विभिन्न जनजातिको भाषा, संस्कृतिको संरक्षण तथा सहयोग कार्यक्रमका लागि आगामी आ.ब. मा २०,२७,०००।- विनियोजन गरिएको छ ।

१४. दलित समुदायको उत्थान, शिप विकास तथा कार्यक्रम सहयोग कार्यक्रमका लागि १२,१६,०००।- बजेट व्यवस्था गरेको छु ।

१५. अपाङ्ग तथा फरक क्षमता भएकाहरुका लागि, आय आर्जन, शिप विकास, क्षमता विकास लगायतका कार्यक्रमलाई सहयोग पुग्नेगरी आगामी आ.ब. मा ८,१०,०००।- बजेट व्यवस्था मिलाएको छु ।

१६. कष्टपूर्ण बन्दै गइरहेको जेष्ठ नागरिकको जीवन पद्दतीलाई सहज बनाउन तथा जेष्ठ नागरिकका आश्रमलाई सुविधाउन्मुख बनाउन आगामी आ.ब. मा ८,१०,८००।- बजेट विनियोजन गर्ने व्यवस्था मिलाएको छु ।

१७. महिलाहरुलाई मुल प्रवाहमा ल्याउन, भौतिक पूर्वाधार, शिप विकास, क्षमता विकास तथा संस्थागत विकासका लागि नगरका १ देखी १८ वटै वडालाई समेट्नेगरी ५४,०६,०००।- रुपैया व्यवस्था गरेको छु ।

१८. जेष्ठ नागरिकहरुको सामाजिक सुरक्षा भत्तालाई बैंकबाट बितरण गर्ने नितिलाई निरन्तरता दिदै, आगामी आ.ब का लागि रु. ८,००,००,०००।– बजेट विनियोजन गरिएको छ ।

१९. नगरक्षेत्र भित्रका धार्मिक तथा सांस्कृतिक सम्पदाहरुको उचित संरक्षण तथा व्यवस्थापनको नीति अख्तियार गरिने छ ।

२०. पोखरा उपत्यकाको समग्र विकास निर्माणको लागि यस नगरपालिकाबाट आगामी आ.ब मा रु. ३०,००,०००।- रुपैया विनियोजन गरिएको छ ।

२१. गरिबि न्यूनिकरण तथा गाउँ नगर साँझेदारी कार्यक्रमका लागि रु. १,००,००,०००।- रुपैया विनियोजन गरिएको छ ।

२२. नगरको विकास तथा सचेतना अभिबृद्धि गर्ने कार्यमा आम संचारक्षेत्रबाट भएको सहयोगको उच्च मुल्यांकन गर्दै आगामी आ.ब. मा पनि सहयोग गर्ने नीतिलाई निरन्तरता दिईने छ ।

२३. नगरपालिकाको आम पहिचान हुँदै जाने अन्तराष्ट्रिय खुल्ला चिडियाखाना, अन्तराष्ट्रिय सम्मेलन केन्द्र, क्षेत्रिय बस टर्मिनल, नगरको प्रवेशद्धार कोत्रे–बिजयपुर सडक र तालचोक देखी बेगनासतालसम्मको खण्डमा फोर ल्याण्ड सडक विस्तारको कार्यमा पहल गरिने छ ।

२४. रामसारको सूचीमा सूचीकृत भैसकेका नगरका सात वटा तालरुहको संरक्षण तथा व्यवस्थापनका लागि आवश्यक पहल गरिने नीति लिईने छ ।

**उपस्थित महानुभावहरु**

**अव म आ.व. २०७४/०७५ को लागि प्रस्तावित बजेट प्रस्तुत गर्न चाहान्छु।**

सीमित श्रोत साधनले असीमित माग र बढ्दो आकांक्षा एकै पटक सम्बोधन गर्न नसकिने यथार्थतामा नगरपालिकालाई नेपाल सरकार, दातृनिकाय, विभिन्न संघ सस्थाबाट प्राप्त हुने सशर्त तथा निर्शत अनुदान, ऋण तथा आन्तरिक आय एवं लागत सहभागिताको दायरालाई समेत मूल्याङ्कन गरी बजेट तर्जुमा गरिएको छ।

चालु आ.ब. ०७३/०७४ का लागि कुल बजेट रु २१ करोड ५२ लाख २० हजार अनुमान गरिएको थियो भने आर्थिक बर्ष २०७४/०७५ को लागि २६ करोड ४० लाख ५२ हजार बजेट अनुमान गरिएको छ। जसमा कुल आन्तरिक श्रोत तर्फ रु. ४ करोड ६६ लाख ८२ हजार (१७.६८%) र वाह्य श्रोत तर्फ रु. २१ करोड ७३ लाख ७० हजार (८२.३२%) अनुमान रहेको छ।

आगामी आ.व को लागि प्रस्तावित बजेटमा खर्च व्यहोर्ने मुख्य मुख्य श्रोतहरुमा आन्तरिक श्रोत तर्फ स्थानीय करवाट रु. १ करोड ९८ लाख ८० हजार, सेवा शुल्कवाट १५ लाख ४० हजार, दस्तुरवाट रु. २ करोड ३९ लाख ५० हजार विक्रीवाट रु. ६ लाख र अन्य आयबाट ७ लाख १२ हजार अनुमान गरिएकोछ। यो अनुमान चालु आ.व.को अनुमान भन्दा ३७.८८ प्रतिशतले वढी छ।

यसै गरी वाह्यतर्फ नेपाल सरकारवाट प्राप्त सशर्त /निशर्त अनुदानवाट रु. १५ करोड ४५ लाख २० हजार, राजश्व वाड फाँड तथा रजिष्ट्रेशन दस्तुरबाट रु. २ करोड ४० लाख, अन्य निकायबाट रु. १ करोड ३८ लाख ५० हजार, लागत सहभागिताबाट रु. २ करोड ५० लाख प्राप्त हुने अनुमान गरिएको छ। यो अनुमान चालु आ.व.को अनुमान भन्दा १६.७३ प्रतिशतले बढी छ।

यसै गरी विषयगत समिति तर्फ निम्नानुसार व्यय हुने प्रस्ताव गरेको छु।

**बिषयगत समिति तर्फको विनियोजित बजेट :**

| सि.नं. | विषयगत समिति | चालु आ.व.२०७३/०७४ | | आ.व. २०७४/०७५ | |
|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | पूर्वाधार तथा संरचना विकास | ७,६७,७२,०००.०० | ३५.६७ | ८,८८,९६,०००.०० | ३३.६७ |
| २ | कृषि, वन तथा वातावरण | १,३४,५०,०००.०० | ६.२५ | ५५,४१,०००.०० | २.१० |
| ३ | जनसंख्या तथा सामाजिक | ८,१८,१२,०००.०० | ३८.०१ | ११,३६,२४,०००.०० | ४३.०३ |
| ४ | संगठन तथा प्रशासन | ३,८०,८६,०००.०० | १७.७० | ५,०८,४१,०००.०० | १९.२५ |
| ५ | जलश्रोत तथा भूमि | ५१,००,०००.०० | २.३७ | ५१,५०,०००.०० | १.९५ |
| | **जम्मा रु.** | २१,५२,२०,०००.०० | १०० | २६,४०,५२,०००.०० | १०० |

पूर्वाधार तथा संरचना विकास समिति तर्फ रु. ८ करोड ८८ लाख ९६ हजार कूल व्ययको ३३.६७ % रहेको छ। कृषि वन तथा वातावरण तर्फ रु. ५५ लाख ४१ हजार कूल व्ययको २.१० %, जनसंख्या तथा सामाजिक तर्फ रु. ११ करोड ३६ लाख २४ हजार कूल व्ययको ४३.०३%, संगठन तथा प्रशासन तर्फ रु. ५ करोड ८ लाख ४१ हजार, कूल व्ययको १९.२५ % र जलश्रोत तथा भूमि तर्फ रु. ५१ लाख ५० हजार कूल व्ययको १.९५ % व्यय हुने अनुमान गरिएको छ।

**उपस्थित महानुभावहरु**

कुनै एक क्षेत्रको विकासले मात्रै समग्र नगरको सन्तुलित विकास हुन नसक्ने वस्तुगत तथ्यलाई मनन गर्दै, योजना तथा कार्यक्रम तय गर्दा सवै क्षेत्रलाई समेटने प्रयास गरिएको छ । यसवाट सवै क्षेत्रको सन्तुलित विकासमा टेवा पुग्न जाने विश्वास लिएका छौं भने अर्को तर्फ सिमित श्रोत र साधनलाई परिचालन गर्नुपर्दा श्रोत छिरोलिन गएको भन्ने आलोचनावाट मुक्त हुन कम्तिमा रु १ लाख ५० हजार भन्दा कम वजेटका आयोजना छनौट नगर्ने नीति अवलम्बन गरिएको छ ।

योजना तर्जुमा गर्नु मात्र महत्वपूर्ण विषय होइन, यसको लक्ष्य एवं उद्देश्यहरु प्राप्तीका लागि प्रभावकारी कार्यान्वयन, अनुगमन एवं मुल्यांकन जरुरी हुन्छ । यसका साथै संस्थागत क्षमता विकास, नीतिगत मार्गदर्शन, कार्यविधिगत एकरुपता जस्ता पक्षहरु अपरिहार्य छन् । यसको लागि आवश्यकतानुसार सरकारी, गैर सरकारी, नागरिक समाज, संचारकर्मी, उपभोक्ता नगरवासी समेतको सक्रिय सहभागिता र क्रियाशिलताको आवश्यकता छ जसले गर्दा, सम्पादित कामको गुणस्तरको प्रर्वद्धन, पारदर्शीता एवं उत्तरदायीत्व सुनिश्चितता हुने देखिन्छ ।

उपरोक्त बजेट, नीति तथा कार्यक्रम कार्यान्वयनमा सदा झै यहाँहरुको सल्लाह, सुझाव एवं सिर्जनात्मक आलोचना तथा पृष्ठपोषणको अपेक्षा गरेको छु ।

**अन्तमा**

प्रस्तुत वजेट तथा कार्यक्रम तर्जुमा गर्ने प्रकृयामा प्रत्यक्ष तथा परोक्ष रुपमा सहयोग पुऱ्याउनुहुने सम्पूर्ण नगरवासी आमा, वुवा, दाजुभाई तथा दिदीबहिनीहरुमा धन्यवाद दिन चाहन्छु । बजेट नीति तथा कार्यक्रम तर्जुमाका शिलशिलामा नगरस्तरिय राजनैतिक पार्टीका पदाधिकारीज्यूहरुको विकास प्रतिको प्रतिवद्धता, संवेदनशिलता, क्षेत्रगत सूचनामा रहेको पहुँच, एवं दलहरु विच देखिएको उच्चस्तरिय जिम्मेवारीवोध, समन्वय, सहभागिता एवं  पृष्ठपोषण हाम्रा लागि मार्गदर्शनका रुपमा रहेको छ । यसप्रति हार्दिक आभार एवं कृतज्ञता प्रकट गर्दै यस कार्यमा प्रत्यक्ष एवं अप्रत्यक्ष रुपमा सघाउ पुर्याउनु हुने विषयगत कार्यालय, विभिन्न विषयसँग सम्वन्धीत नगरस्तरिय संजालका प्रतिनिधिज्यूहरु, नागरिक समाज, गैरसरकारी, सामुदायीक तथा नीजि क्षेत्रका संघसंस्था, विभिन्न विषयगत समितिमा रहेर योगदान पुर्याउनु हुने कर्मचारी साथीहरु, व्यवसायी, उद्यमी, समाजसेवी, वुद्धिजिवि, संचारकर्मी प्रति हार्दिक धन्यवाद दिन चाहान्छु । यस परिषदवाट प्रस्तुत नगरविकास योजनालाई सफल र प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि सम्वद्ध सवै पक्षवाट सदा झै निरन्तर सहयोगको अपेक्षा सहित हाम्रो निमन्त्रणालाई स्वीकार गरी पाल्नुहुने राजनितिक दलका सदस्यहरु, आमन्त्रित महानुभावहरु एवं संचारकर्मी मित्रहरु  प्रति हार्दिक कृतज्ञता प्रकट गर्दै पुनः सवैमा अभिवादन सहित विदा हुन्छु ।

धन्यवाद ।

२०७३ पौष २५ गते, सोमबार

(नवराज ढुंगाना)

प्रमुख एवं कार्यकारी अधिकृत